किशोर अपराधका अधिकारहरू:

नमस्कार।

तपाईलाई यस अदालतमा तपाईं विरुद्ध लगाइएका आपराधिक व्यवहारको आरोपलाई सम्बोधन गर्ने सुनुवाईको लागि चाँडै उपस्थित हुनु हुने छ। तपाईंसँग यो सुनुवाइ र यस विषयमा यस पछिका सबै सुनुवाइहरूमा लागू हुने निम्न अधिकारहरू छन्।

तपाईंसँग यस अदालतमा तपाईंलाई लगाइएका आरोप सम्बंधित सबै सुनुवाइ र बैठकहरूको समय र मितिको बारे जानकारी प्राप्त गर्ने अधिकार छ।

तपाईंसँग तपाईं विरुद्ध लगाइएका कुनै पनि आरोपहरू बारे सूचित गर्न र कुनै पनि अदालतको रेकर्ड र अनुसन्धान निष्कर्षहरूको लिखित प्रतिलिपि प्राप्त गर्ने अधिकार छ। यदि आवश्यक भएमा, तपाईंले कागजातहरू आफूलाई पढेर सुनाउन अनुरोध गर्न सक्नु हुन्छ। यदि तपाईंले तिनीहरूलाई बुझ्नु भएको छैन भने कसैले ति कागजातहरूलाई तपाईलाई व्याख्या गर्न सक्छ।

तपाईंसँग तपाईं माथि लगाइएका आरोपहरूलाई स्वीकार गर्ने, वा अस्वीकार गर्ने, वा मौन बस्ने तपाइँको अधिकारहरू हुने। यदि तपाईंले आफ़ू माथी लगाइएको आरोपको बारेमा सोध्दा मौन बस्नू भयों भने, न्यायिक रेफरी वा न्यायाधीशले तपाईंको मौनतालाई आरोप अस्वीकारको रूपमा दर्ता गर्नु हुन्छ। साथ साथै न्यायाधीशले तपाईंको मुद्दालाई ट्रायल (trial) को प्रक्रियाको लागी अगाडि बढाउने छन्।

तपाईलाई, कसैले पनि आफ्नो विरुद्धको आरोपको बारेमा बोल्न बाध्य पार्न सकिँदैन।

तपाईंसँग तपाईंलाई लगाईको आरोपको बारेमा तपाईंले कुनै पनि बयान दिनु हुदा होस या कुनै पनि अदालतमा सोधियेको प्रश्नको जवाफ दिनु अघि तपाईलाई सहयोग गर्नको लागि वकील राख्न पाउने अधिकार छ। तपाइँसँग सबै अदालत प्रक्रियामा र हरेक अदालित्य कार्यवाहीमा वकील द्वारा प्रतिनिधित्व गर्ने अधिकार छ।

यदि तपाईंले आफ़नो निजी वकील राख्नको लागी खर्च गर्न आर्थिक अवस्था छैन भने। यस अदालतले तपाईंलाई सार्वजनिक खर्चमा वकील नियुक्त गर्न सक्छ। यदि तपाईं चौध वर्ष वा सोभन्दा माथिको हुनु हुन्छ भने मात्र तपाईंको वकालत गर्नको लागी वकील राख्दिन भन्ने अधिकार पाउनु हुन्छ। यदि न्यायाधीशले तपाईंले बाहिरी दबाब बिना निर्णय लिनु भएको र यो अधिकार प्रयोग गर्दा हुने सम्भावित परिणामहरू बारे तपाईंलाई थाहा छ भनी थाहा पाएमा, न्यायाधीशले तपाईंलाई यो अधिकार त्याग्न अनुमति दिन्छन्।

यदि तपाईं अपराधी अपराध गरेको अभियोग लगाइएको बच्चाको अभिभावक, वा संरक्षक हुनु हुन्छ भने, तपाईं सँग पनि आफ्नो कानुनी प्रतिनिधित्व गर्ने वकिल राख्ने अधिकार पनि हुन्छ। यदि तपाईले कानुनी प्रतिनिधित्व गर्ने वकिल राख्ने खर्च गर्न सक्नु हुन्न भने, तपाईंलाई यस अदालतले नियुक्त गरेको फरक वकिल राख्ने अधिकार नि छ। तर, त्यस्तो वकिलको नियुक्त सिर्फ़ मुद्दाको दुई विशिष्ट चरणहरूको लागि मात्र हुने छ।

ती दुई विशिष्ट चरणहरू डिटेंशन हियरिंग (detention hearing) र डिस्पोजेसन हियरिंग (disposition hearing) हरू हुन्। तपाइँसँग ती दुवै सुनुवाइहरू दौरान कुनै पनि समयमा अदालतले तपाइँको बच्चालाई के गर्नु पर्छ जस्तो लाग्छ भनेर न्यायाधीशलाई बताउनको लागि अवसर समावेश गर्द छ।

डिटेंशन हेयरिंग (detention hearing) भनेको केसको मामिला विचाराधीन हुँदा तपाईंको बच्चा घर जान मिल्छ कि मिल्दैन भनेर निर्धारण गर्छ।
यो सुनुवाएँ भन्नेको कुनै वयस्क व्यक्ति माथी अपराधको मुद्दामा जमानतमा निस्किनको लागी गरिएको सुनुवायेसंग तुलना गर्न मिल्छ। जब मुद्दा चलिरहेको बेलामा छ, त्यहाँ एक भन्दा बढी डिटेंशन हेयरिंग (detention hearing) को सुनुवाई हुन सक्छ।

न्यायाधीश वा न्यायिक रेफरीले परिणामहरू निर्धारण गर्दा हुने सुनुवाइलाई डिस्पोजिसन हेयरिंग (disposition hearing) भनिन्छ।

डिस्पोजिसन हेयरिंग (disposition hearing) भनेको त्यो सुनुवाइ हो जहाँ न्यायधिश वा न्यायिक रेफरीले यदि आरोपहरू सत्य भएको पाएमा तपाईंको बच्चाले के सजाय पाउने छन् भन्ने छनोट गर्द छन्। कुनै पनि अपराधको दोषी ठहरिएको वयस्क व्यक्तिको लागि, डिस्पोजिसन हेयरिंग (disposition hearing) भनेको सजाय बताउँने सुनुवाइको बराबर वा उस्तै सुनुवायेसंग तुलना गर्न मिल्छ। यदि तपाईं अदालतले नियुक्त गरेको वकिल चाहनु हुन्छ भने आवेदन भर्नु होस् र जति सक्दो चाँडो अदालतमा फिर्ता पठाउनु होस्।

कुनै पनि व्यक्ति, जो तपाईंको विपक्षीयमा बयान दिनका लागी आएका छन्, भने त्यस व्यक्तिसंग तपाईंले आफनो प्रश्न सोध्ने अधिकार पाउनु भएको हुन्छ। तपाईंले आफ़नो पक्षमा अदालतमा जून सुकै व्यक्तिलाई बयान दिन बोलाउन सक्ने अधिकार पाउनु भएको हुन्छ।

तपाईंलाई निर्दोष मानिन्छ। यथोचित शंका नगरी दोषीलाई स्थापित गर्नु राज्यको दायित्व हो। तपाईंसंग तपाईं विरुद्ध लगाइएका मुद्दा वा आरोपहरू तपाईंले अस्वीकार गर्ने अधिकार छ।

तपाईंसंग तपाईं विरुद्ध लगाइएको कुनै पनि मुद्दा वा आरोपहरूलाई अस्वीकार गर्ने अधिकार छ। यदि तपाईंले पहिले नै अस्वीकार गरि सक्नु भएको छ भने तपाईंसँग आरोपहरू अझै अस्वीकार गरी राख्ने अधिकार छ, र अदालतले तपाईंको मुद्दाको सुनुवाइको लागि ट्रायल (trial) निर्धारण गर्ने छ।

तपाईंसंग तपाईं विरुद्ध लगाइएका आरोपहरू स्वीकार गर्ने अधिकार छ, तर तपाईंले अपराध स्वीकार गर्नु भयो भने यस विषयमा कुनै ट्रायल (trial) हुने छैन भन्ने कुरामा तपाईं सचेत हुनु पर्छ।

तपाईंले आफू माथी लगाएको दोष स्वीकार गरे, तपाईंले ट्रायल (trial) को आफ्नो अधिकार र तपाईंको विरुद्ध गवाही दिने साक्षीहरूलाई प्रश्न गर्ने अधिकार गुमाउनु हुन्छ। थप रूपमा, तपाईंले मौनता बस्ने आफ्नो अधिकार पनि गुमाउनु हुन्छ। अदालत वा राज्यका वकिलले आरोपहरूको सम्बन्धमा तपाईंले अदालतमा सोध्योको प्रश्नहरूको जवाफ दिनै पर्ने हुने छ।

तपाइँलाई तपाइँ माथी लगाएको कुनै पनि आरोपमा सहमत हुनु अघि, तपाईंसंग तपाइँलाई हुन्न सक्ने व्यवहारको सम्भावित नतिजाहरूको सम्भावित नतिजाहरु को बारे मा सूचित गर्ने अधिकार छ। तपाईंसंग कुनै पनि उपचार, शिक्षा, वा अदालतले लगाउन सक्ने अन्य आवश्यकताहरु सहित र ती आवश्यकताहरु कति समय सम्म रहन सक्छन् भन्ने बारे बताइने अधिकार छ।

यदि तपाईंले कथित अपराधी आरोपहरू स्वीकार गर्नु भयो वा त्यसो गरेको प्रमाणित भयो भने, अदालतले तपाईंलाई अदालतका अधिकारीलाई जानकारी दिन निर्देशन दिने छ ता कि अधिकारीले पूर्व-स्वभाव मूल्याङ्कन अथवा प्रिडिस्पोज़िशन एसेसमेंट (Pre-disposition assessment) गर्न सकून्।

यो प्रिडिस्पोज़िशन एसेसमेंट (Pre-disposition assessment) ले तपाइँको आवश्यकता र तपाइँको क्षमता दुवै हेर्न को लागी गरिन्छ। यसले अदालतलाई तपाईंको मुद्दामा कसरी उचित नतिजा निर्धारण गर्न सकिन्छ भन्ने निर्णय गर्न मद्दत गर्छ। अदालत अधिकारीले तपाईको विगतको व्यवहार र तपाईलाई हुन सक्ने कुनै पनि आवश्यकता बारे जानकारी सङ्कलन गर्ने छ। थप रूपमा, तिनीहरूले उपयुक्त स्क्रीनिंगहरू पनि सञ्चालन पूरा गर्ने छन्। यो चलि रहेको बेला, तपाईं प्रोबेशन (probation) मा बस्नु पर्ने हुन सक्नु हुन्छ।

यस अदालतको अन्तिम अदालती सुनुवाइ वा कार्यवाहीको क्रममा, तपाईंले उचित उपचार पाउनु हुने, र समुदाय सुरक्षित छ, र पीडित वा समुदायलाई भएको हानिको मर्मत गरिएको छ भनी सुनिश्चित गर्ने गरी निर्णय गर्ने छ। तपाईंले कुनै पनि अपराधिक गतिविधिमा ग़लती स्वीकार गर्नु अघि सम्भावित हुन सक्ने परिणामहरू बारे सचेत भई बुझ्नु होस्।

तपाईं आफ्नो आमा-बाबुसँग उनीहरूको घरमा बस्न जारी राख्न सक्नु हुन्छ, तर अदालतले तपाईंलाई विशेष प्रतिबन्धहरू सहित बाह्र महिनासम्म प्रोबेशन सुपरिवेक्षणमा (probation supervision) बिताउन आदेश दिन सक्छ। तपाईंको प्रोबेशन (Probation) का सर्तहरू तपाईंको व्यक्तिगत आवश्यकता र जोखिममा आधारितमा निर्धारण हुने छन्।

अदालतको आदेशमा उल्लिखित चिकित्सीय उद्देश्यहरू पूरा गर्न, प्रोबेशन (Probation) विस्तार गर्न सकिन्छ। यदि तपाइँलाई हस्तान्तरण गरिएको दण्डको पालना नगरेकोमा तपाईलाई जुवेनाइल डायरेक्टर (juvenile director) ले थप प्रतिबन्ध लगाउन सक्छन्। यदि तपाईंले प्रोबेशन (probation) उल्लङ्घन गम्भीर प्रकारले भएको छ भने तपाईलाई अदालत वा न्यायिक रेफरी समक्ष पेश गर्न लैजान सकिन्छ।

तपाईंलाई न्यायाधीश वा न्यायिक रेफरीले क्षति पूर्ति तिर्न आदेश दिन सकिन्छ। क्षतिपूर्ति भनेको तपाईंले पीडितलाई दिएको हानिको पूर्ति गर्नको लागि तिर्नु पर्ने रकम हो। न्यायाधीश वा न्यायिक रेफरीले तपाईंलाई सजायको रूपमा होस वा क्षति पूर्ति तिर्नुको सट्टामा कम्युनिटी सर्विस हाउर्स (community service hours) हरू गर्न आदेश दिन सकिन्छ।

परिक्षण अवधि लम्ब्याउने उद्देश्यले मात्र क्षति पूर्ति संकलन गर्न सकिँदैन, तर यदि पूर्ण रूपमा भुक्तानी नगरिएको खण्डमा, पीडितहरूले तपाइँको तर्फबाट तपाइँको आमाबाबुलाई भुक्तानी गर्नको लागि अदालतमा अनुरोध गर्न सक्छन्। जब सम्म क्षति पूर्ति भुक्तान गरिएको हुदैन, तब सम्म नागरिक न्यायिक निर्णयको लागि अदालतको सिविल निर्णय (Civil judgements) हरू आदेश गर्न सक्छन।

यस अदालतले तपाईंलाई ड्रग र अल्कोहल परीक्षणको लागि उपस्थित हुन आदेश दिन सक्छ। थप रूपमा, यदि तपाईंको परिस्थितिले भर्नाका लागि आवश्यक मापदण्ड पूरा गर्दछ भने, तपाईंलाई जुवेनाइल ड्रग अदालत कार्यक्रममा (juvenile drug court program) भाग लिन आदेश दिन सकिन्छ।

तपाईंलाई तपाईंको आमाबाबुको हेरचाहबाट हटाउन सक्छ र तपाईंलाई उचित रूपमा राख्नको लागि, स्टेट डिवीज़न ऑफ़ जुवेनाइल सर्विसले (State Division of Juvenile Services) तपाईंलाई आफ्नो हिरासतमा लिन सक्छ।

यदि तपाइँलाई डिवीज़न ऑफ़ जुवेनाइल सर्विसको (Division of Juvenile Services) को हिरासतमा लिइ राख्योको छ भने सुरक्षित सुविधा केंद्र जस्तै जुवेनाइल डिटेंशन और द नार्थ डकोटा यूथ करेक्शनल सेण्टर इन मंडन (Juvenile detention or the North Dakota Youth Correctional Center in Mandan) जस्तै तपाइँको नियुक्ति को कुनै एक हिस्सामा रहनु वा बस्न आवश्यक हुन सक्छ।

तपाईंको लागि सबै भन्दा गम्भीर परिणाम भनेको अदालतले तपाईलाई बन्द सुविधामा सीमित राख्नु हो।

तपाईंको लागि सबैभन्दा गम्भीर परिणाम भनेको अदालतले तपाईलाई आमाबाबुको हिरासतबाट लिई र तपाईलाई सुरक्षित संस्थामा राख्नु हो। यद्यपि, यो विकल्पलाई तव मात्र विचार गरिने छ यदि तपाइँको आचरण परिवर्तन गर्न अन्य कम गम्भीर उपायहरू लिन सकिँदैन भने।

तपाईंसँग यस अदालतको निर्णयलाई पुनरावेदन दिने अधिकार छ। तपाइँलाई न्यायाधीश वा न्यायिक रेफरी द्वारा प्रश्न गरिने छ की माथी व्याख्या गरेको अधिकारहरू तपाईंले बुज्नू भयो भनेर। यदि तपाइँसँग तपाइँको अधिकार सम्बन्धी कुनै प्रश्नहरू छन् भने सुनुवाई अघि तपाइँको वकिललाई सोध्नुहोस्, वा सुनुवाईको क्रममा न्यायाधीश वा न्यायिक रेफरीलाई सोध्न सक्नू हुन्छ।

यो महत्त्वपूर्ण छ कि अदालतले तपाईंसँग सम्पर्क राख्न सक्षम हुनु पर्छ। यदि तपाईंले आफ्नो ठेगाना वा फोन नम्बरमा कुनै पनि परिवर्तन भएमा अदालतमा सम्पर्क गरेर परिवर्तन गरेको तुरुन्तै सूचित गर्नु पर्छ।

तपाईंको मुद्दा व्यक्तिगत रूपमा जुवेनाइल प्रोसीडिंगहरूमा (Juvenile proceedings) तदनुसार सुनिनेछ, जुन निजी हो। यस अदालतमा जुवेनाइल प्रोसीडिंगहरूमा (Juvenile Proceedings) सर्वसाधारणले भाग लिन पाउदैन, तदर्थ तपाईंको मुद्दा गोप्य र व्यक्तिगत रूपमा बोलाइने छ।

तपाइँलाई न्यायाधीश वा न्यायिक रेफरी द्वारा प्रश्न गरिने छ कि यी माथी व्याख्या गरेको अधिकारहरू तपाईंले बुज्नू भयो भनेर। यदि तपाइँसँग तपाइँको अधिकार सम्बन्धी कुनै प्रश्नहरू छन् भने सुनुवाई अघि तपाइँको वकिललाई सोध्नु होस्, वा सुनुवाईको क्रममा न्यायाधीश वा न्यायिक रेफरीलाई सोध्न सक्नू हुन्छ।